शुद्धोधन राजपत्र

शुद्धोधन गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६) शुद्धोधन, माघ २२ गते, २०७९ साल संख्याः १७

# शुद्धोधन गाउँपालिकाको प्रमाणमा आधारित कानून निर्माण र योजना तथा बजेट तर्जुमा सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावनाः** शुद्धोधन गाउँपालिकाको कानून तथा नीति निर्माण र योजना तथा बजेट तर्जुमा प्रक्रियालाई गाउँपालिकाको आवश्यकता र प्राथमिकताको आधारमा वस्तुपरक, प्रमाणमा आधारित, व्यवस्थित र प्रभावकारी बनाउन वान्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम शुद्धोधन गाउँपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "शुद्धोधन गाउँपालिकाको प्रमाणमा आधारित कानून निर्माण र योजना तथा बजेट तर्जुमा सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क)'उपाध्यक्ष' भन्नाले नगर कार्यपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ ।

(ख)'गाउँपालिका' भन्नाले शुद्धोधन गाउँपालिका सम्झनुपर्दछ ।

(ग)'ऐन' भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाइ सम्झिनु पर्दछ ।

(घ)'कानून' भन्नाले पालिकाले स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ र अन्य प्रचलित कानून अनुसार बनाउने ऐन, नीति, निर्देशिका, दिगदर्शन, कार्यविधी समेतलाइ जनाउँछ ।

(ङ) 'प्रमाण' भन्नाले कुनै प्राकृतिक तथा कानूनी व्यक्ति, राज्य प्रणाली, शासन र अर्थ व्यवस्था, समाज, प्रकृतिसँग सम्बिन्धत तथ्य, तथ्यांक, सूचना, विवरण, लगत र अवस्थालाइ सम्झनुपर्छ र सो शव्दले त्यस्ता तथ्य, तथ्यांक, सूचना, विवरण, लगत र अवस्थालाई विश्लेषण गरी तयार पारिएको संख्यात्मक वा गुणात्मक अवस्थालाई समेत जनाउँछ ।

(च) 'प्रमाणमा आधारित' भन्नाले तथ्य, तथ्यांक, लगत, अध्ययन, अनुसन्धान, अनुगमन तथा मुल्याङन प्रतिवेदन, सर्वेक्षण, जनअभिमत तथा यिनको आधार विश्लेषण सहित तयार गरिएको प्रतिवेदनमा आधारित भएर गरिने कार्य समेतलाइ प्रमाणमा आधारित भनी जनाउँछ ।

(छ) 'अध्यक्ष' भन्नाले नगर कार्यपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

(ज) 'योजना तथा बजेट तर्जुमा' भन्नाले स्थानिय तहले स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रचलित कानून अनुसार पालिकाका लागि तय गर्ने योजना, बजेट, कार्यक्रमको तर्जुमा समेतलाइ जनाउँछ ।

(झ) 'वडा समिति' भन्नाले गाउँपालिकाको वडा समिति सम्झिनु पर्दछ ।

(ञ) 'विद्युतीय अभिलेख' भन्नाले विधुतीय स्वरुपको कुनै माध्यमबाट सिजर्नागरी सम्प्रेषण गरिएका तथ्य तथ्याङ्क, अभिलेख, चित्र वा श्रब्यदृश्यलाई सम्झनुपर्छ ।

(ट) 'विषयगत समिति' भन्नाले गाउँपालिकाको कार्यपालिकाको कार्य विभाजन नियमावली बमोजिम गाउँपालिकामा गठन हुने विषयगत समिति सम्झनुपर्दछ

(ठ) 'विज्ञ' भन्नाले सम्वन्धित विषयमा विशेष योग्यता, अनुभव र विशेषज्ञता हासिल गरेको व्यक्ति सम्झनुपर्छ ।

(ड) 'सरोकारवाला निकाय' भन्नाले नीति तथा कानून निर्माण, र योजना तथा बजेट तर्जुमासँग सरोकार राख्ने सरकारी निकाय, विकास साझेदार, राजनीतिक दल, निजी क्षेत्र, सञ्चार क्षेत्र, सामुदायिक, सांस्कृतिक तथा सामाजिक सङ्घसंस्था, धार्मिक सङ्घसंस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, शैक्षिक संस्था, समुदाय, परिवार, आफन्त र युवा समूह भन्ने सम्झनुपर्दछ ।

## परिच्छेद - २

## प्रमाणमा आधारित कानून निमार्ण र योजना तथा बजेट तर्जुमाको आधार

**३. <u>प्रमाणमा आधारित कार्य व्यवस्थाः</u>** (१) गाउँपालिकाले प्रमाणमा आधारित कानून निर्माण र योजना तथा बजेट तर्जुमालाई निर्देशक सिद्धान्तका रुपमा अवलम्बन गर्नेछ ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्राधिकार अन्तर्गतको कानून निर्माण र योजना तथा बजेट तर्जुमा गर्दा प्रमाणमा आधारित भएर गर्ने र गराउने प्रबन्ध गरिने छ ।

तर प्रचलित प्रदेश तथा संघको कानूनले कुनै अन्यथा व्यवस्था गरेकोमा सोहि बमोजिम हुनेगरी व्यवस्था गरिने छ ।

(३) प्रमाणमा आधारित कानून निर्माण र योजना तथा बजेट तर्जुमाका लागि स्थानिय तहले आवश्यक संरचनागत तयारी, क्षमता अभिवृद्दि तथा पुर्वाधारको व्यवस्था गर्नेछ ।

(४) प्रमाणमा आधारित कानून निर्माण र योजना तथा बजेट तर्जुमा गर्दा स्थानिय तहले सार्वजनिक सेवा प्रवाहलगायत अन्य विभिन्न प्रक्रियाबाट संकलन भएका तथ्य तथ्यांकको उपयोग गर्ने छ ।

**४. <u>तथ्य, तथ्यांकसम्बन्धी व्यवस्थाः</u>** (१) गाउँपालिकाले संघ, प्रदेश सरकार, निजी तथा गैरसरकारी क्षेत्र तथा शुद्धोधन गाउँपालिका आफैसँग भएको तथ्य तथ्यांकलाई पूनप्रयोग गर्न सकिने गरी व्यवस्थापन गर्नेछ ।

(२) दफा १ अनुसार तथ्यांक व्यवस्थापन गर्दा नेपाल सरकारले पहिचान गरेका लिंग, जात, जाती लगायतका बिभिन्न सामाजिक तथा आर्थिक आधारमा खण्डिकृत रूपमा तथ्यांक उपलब्ध हुनेगरी व्यवस्था गरी राखिने छ।

(३) उपदफा १ अनुसार तथ्य तथ्यांकलाई व्यवस्थित गर्न गाउँपालिकाले विद्युतिय सूचना व्यवस्थापन प्रणाली प्रयोगमा ल्याउने छ ।

(४) उपदफा १, २ र ३ अनुसारको तथ्यांक व्यवस्थापनका लागि गाउँपालिकाले सम्बन्धित निकाय तथा शाखाहरुलाई जिम्मेवारी प्रदान गर्नेछ । सो प्रयोजनका लागि गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतले स्थनीय तहमा रहेका बिषयगत शाखा, सेवा प्रवाह गर्ने कार्यालय तथा वडा कार्यालयलाई

निश्चित क्षेत्रको तथ्य, तथ्यांक संकलन, भण्डारण, र व्यवस्थापनको जिम्मेवारी तोक्नेगरी व्यवस्था गर्नेछ ।

(५) प्रमाणमा आधारित कानून निर्माण र योजना तथा बजेट तर्जुमाका लागि गाउँपालिकाले आवश्यक अध्ययन, अनुसन्धान, सर्वेक्षण तथा लगत निर्माण र भएको तथ्य तथ्यांकको व्याख्या तथा विश्लेषण गरी सन्दर्भ सामग्री वा आधारपत्र तयार गर्नेछ।

(५) गाउँपालिकाले कानून निर्माण र योजना तथा बजेट तर्जुमा प्रक्रियालाई प्रमाणमा आधारित बनाउन जनसंख्या, गरिबी, बेरोजगारी/रोजगारी, कूल ग्राहस्थ उत्पादन, प्रतिव्यक्ति आय, सेवा सूविधाको उपलब्धता, मातृ मृत्युदर, बाल मृत्युदर, औसत आयु, खानेपानी तथा सरसफाइ सुविधाको उपलब्धता, सडक, यातायात आदी विषयका तथ्यांक संकलन र विश्लेषण गर्नेछ । यस्तो तथ्याकंलाई गाउँपालिकाले संघिय निर्देशिका अनुरुप तयार गर्ने प्रोफाइलमा समावेश गरी जारी गरिनेछ । प्रोफाइल तयार भैसकेको अवस्थामा आवधिक र नियमित रुपमा उक्त प्रोफाइल अद्यावधिक गर्नेछ

**५. तथ्य, तथ्यांकमा पहुँचः**

(१) गाउँपालिकामा रहेको तथ्य, तथ्यांकमा गाउँपालिकाका सबै निर्वाचित जनप्रतिनीधी तथा कर्मचारीको सहज पहुँच हुने गरी व्यवस्था गरिने छ । कुनै निश्चित बिषयसम्बन्धी तथ्य तथ्यांक आवश्यक परेमा पालिकाले तयार गरी उपलब्ध गराउने छ ।

(२) गाउँपालिकामा रहको तथ्य तथ्यांकमा नागरिक, सामाजिक संस्था, उपभोक्ता समुह, नागरिक समुह तथा अन्य सरोकारवालाहरूको सहज पहुँच हुने गरी व्यवस्था गरिने छ ।

(३) शुद्धोधन गाउँपालिकाले तथ्यांक व्यवस्थापन गर्दा सूचनाको हकसम्बन्धि ऐन, वैयक्तिक गोपनियताको हकसम्बन्धि ऐन लगायत अन्य प्रचलित नेपाल कानूनले सार्वजनिक गर्न नहुने भनी रोक लगाएका सूचना तथा तथ्यांक सोहि बमोजिम हुने गरी व्यवस्थापन गरिने छ ।

## परिच्छेद - ३

## कानून निर्माण प्रकृयामा प्रमाणको प्रयोगसम्बन्धी व्यवस्था

**६. <u>कानून निर्माण प्रकृयाको मुल आधारः</u>** (१) गाउँपालिकाले बनाउने कुनै पनि कानून, नीति, निर्देशिका, कार्यविधी तथा अन्य कानूनी दस्तावेजहरू प्रमाणमा आधारित तथा सहभागितामुलक प्रक्रियाबाट तर्जुमा तथा पारित गरिने छ ।

(२) कानुन निर्माणमा सहभागि हुने कर्मचारी, निर्वाचित जनप्रतिनिधी तथा विज्ञ सबैले उपदफा (१) को सिद्धान्तलाइ आत्मसात गर्नु पर्ने छ ।

**७. <u>कानून निर्माण आधारपत्रको तयारीः</u>** (१) कुनै पनि कानुन निर्माण गर्नु भन्दा पहिला त्यस कानूनको आवश्यकता, उद्देश्य, त्यसले संवोधन गर्न खोजेको क्षेत्र तथा बिषयहरू आदिका बारेमा उल्लेख गरी आधारपत्र तयार गरिने छ ।

(२) उपदफा १ बमोजिम आधारपत्र तयार गर्दा उक्त कानुनको बिषय र क्षेत्रसँग सम्वन्धित बस्तुस्थिती अध्ययन, अनुसन्धान, विश्लेषण, तथ्य तथ्यांक, जनमत, लगायतका विवरण तथा प्रमाणहरू मुल आधारपत्रमा नै वा सन्दर्भ सामग्रीका रुपमा उल्लेख गर्नु पर्नेछ ।

**८. <u>सरोकारवालालाइ पृष्ठ पोषणको अवसरः</u>** (१) कुनै कानुनको मस्यौदा तयार भैसकेपछि उक्त मस्यौदा सरोकारवालाहरूको बिचमा दफा ७ (२) अनुसारको आधारपत्र र सन्दर्भ सामग्रीसहित छलफलको लागि लगिने छ । सरोकारवालाको बिचमा कम्तिमा तीन वटा छलफलमार्फत पृष्ठ पोषण लिइने छ ।

(२) तयार भएको आधारपत्र सहितको मस्यौदालाई न्युनतम १५ दिनको समय प्रदान गरी पृष्ठ पोषणको लागि आह्वान गरिने छ ।

(३) पृष्ठपोषणका लागि आधारपत्र सहितको मस्यौदा गाउँपालिकाको वेवसाइट, स्थानिय तहको सामाजिक सञ्जाल मार्फत सार्वजनिक गर्ने तथा मुद्रित प्रति लिन चाहनेलाई सोही अनुसार उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

(४) स्थानिय तहले निर्माण गर्नै कुनै पनि कानुनको सन्दर्भमा वा अन्य प्रचलित कानुनको प्रभावकारिताको सन्दर्भमा स्थानिय तहमा इमेल, वेवसाइट, सामाजिक सञ्जाल तथा प्रत्यक्ष उपस्थितमा आधारित एक स्थायी पृष्ठपोषण संयन्त्रको व्यवस्था गरिने छ ।

(५) स्थानिय तहको योजना शाखा प्रमुखले पृष्ठपोषण मार्फत प्राप्त सुझावलाइ एकिकृत गरी राख्ने र सम्वन्धित समिती, विज्ञ, पालिका सदस्य वा अन्य सरोकारवालालाइ उपलब्ध गराउने छ ।

(६) पृष्ठ पोषणका बिभिन्न संयन्त्र मार्फत नागरिक, नागरिक संस्था तथा सरोकारवालाबाट आएको सुझाव र प्रमाणको आधारमा कानून मस्यौदालाइ अन्तिम रूप दिइने छ ।

**९. <u>समितिलाई प्रमाण उपलब्ध गराउने व्यवस्थाः</u>** (१) कानुन निर्माणको सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐनको दफा १४ अनुसारको समिति वा गाउँपालिकाले जिम्मेवारी प्रदान गरेको कुनै विज्ञ वा सोहि ऐनको दफा २२ को अनुसारको विधायन समितिलाई कानुन निर्माणको प्रक्रियामा आवश्यक तथ्य, तथ्यांक तथा प्रमाण उपलब्ध गराउने जिम्मेवारी स्थानिय तहको योजना शाखाको रहने छ ।

(२) योजना शाखाले गाउँपालिकाका बिभिन्न शाखा, कार्यालयको तथ्यांक व्यवस्थापन प्रणाली तथा आवश्यकता अनुसार निजी क्षेत्र, गैरसरकारी क्षेत्रसँग समन्वय गरी आवश्यक सूचना, तथ्य तथ्यांक तथा प्रमाण समिति तथा विज्ञलाइ उपलब्ध गराउने छ ।

(३) दफा १ को सम्वन्धमा चाहिने प्रमाण उपलब्ध नभएकोमा जनमत सर्वेक्षण, अध्ययन, अनुसन्धान आदिको लागि सिफारिस गर्ने छ ।

**१०. <u>कानुन पारित प्रक्रियाः</u>** (१) गाउँपालिकाले कार्यपालिकामा तथा स्थानीय सरकार सञ्चालन ऐनको दफा २० अनुसार सभामा कानुनको मस्यौदा प्रस्तुत गर्दा सो को आधारपत्र, औचित्य तथा सन्दर्भ सामग्री सहित पेस गर्नेछ ।

(२) उपदफा १ बमोजिम प्रस्तुत भएको आधारपत्र, औचित्य तथा सन्दर्भ सामग्री सहितको मस्यौदा छलफलमा सहभागी सदस्यले प्रमाणमा आधारित रही छलफलमा सहभागी हुनु पर्नेछ ।

## परिच्छेद - ४

## योजना तथा बजेट तर्जुमामा प्रमाणको प्रयोगसम्बन्धी व्यवस्था

**११. <u>प्रमाणमा आधारित प्रकृयाको अवलम्बनः</u>** (१) गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐनको दफा २४ अनुसार योजना तर्जुमा गर्दा सम्पूर्ण प्रक्रिया प्रमाणमा आधारित रहेको सुनिश्चित गर्नेछ ।

(२) स्थानीय सरकार सञ्चालन ऐनको दफा ६७ अनुरुपको बजेट तथा कार्यक्रम तर्जुमा समितिले प्रमाणमा आधारित भइ गाउँपालिकामा बजेट तथा कार्यक्रम तर्जुमा गर्नेछ ।

**१२. <u>योजना तर्जुमाः</u>** (१) गाउँपालिकाले योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिइ प्रमाणमा आधारित भएर योजना तर्जुमा गर्नेछ ।

(२) योजना तर्जुमाको प्रक्रियामा वस्ती, टोल तथा वडा तहका योजना छनौट गर्नु भन्दा अगावै वडा समितिले वस्ती, टोल तथा वडासँग सम्बन्धित तथ्य तथ्यांक संकलन तथा विश्लेषण गर्नेछ । साथै समितिले गाउँपालिकाको सूचना व्यवस्थापन प्रणाली र पालिकाको स्रोतबाट उपलब्ध तथ्य तथ्यांकको समेत विश्लेषण गर्नेछ। गाउँपालिकाको योजना शाखाले यस प्रक्रियामा आवश्यक समन्वय र सहयोग गर्नेछ ।

(३) वस्ती, टोल तथा वडा स्तरबाट प्रस्तावित योजनाहरू वडा समितिले उपदफा २ बमोजिम उपलब्ध प्रमाण र तथ्य तथ्यांकको आधारमा प्राथमिकिकरण गरी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिसमक्ष पेश गर्नेछ ।

(४) उपदफा ३ अनुसार वडा समितिले बजेट तथा कार्यक्रम तर्जुमा समितिमा छनौट गरिएका योजना पेश गर्दा प्राथमिकिकरणको आधार र प्रमाण समेत पेश गर्नु पर्नेछ ।

(५) सबै वडा समितिबाट छनौट भई आएका योजनाहरूलाइ उपलब्ध प्रमाण, प्राथमिकिकरण, औचित्यको आधारमा बजेट तथा कार्यक्रम तर्जुमा समितिले अन्तिम मस्यौदा तयार पारी कार्यपालिका समक्ष पेश गर्नेछ ।

(६) गाउँपालिकाको योजना शाखाले योजना तथा बजेट तर्जुमा प्रकृयाका क्रममा गाउँपालिकाको बस्तुस्थिती विवरण तयार गर्ने, प्रमुख समस्याहरुको पहिचान गर्ने, विगतका योजनाको मुल्यांकन तथा कार्यान्वयन विश्लेषण गर्ने, विषयगत तथा क्षेत्रगत रुपमा सम्पूर्ण तथ्यांक संकलन विश्लेषणसम्बन्धी काम गर्ने, सरोकारवालासँग छलफल, कार्यशाला सञ्चालन गर्ने लगायतका कार्य गर्नेछ ।

**१३. <u>बजेट तर्जुमाः</u>** (१) बजेट तथा कार्यक्रम तर्जुमा समितिले वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा कानूनले तोकेका अन्य विषयका अतिरिक्त बस्ति तथा वडा तहमा भएका छलफलबाट आएका योजनासम्बन्धी सुझाव, नागरिकले उठाएका विषय, वडा समितिबाट उपलब्ध गराइएका तथ्य, तथ्यांक, अध्ययन प्रतिवेदन प्रमाणका रुपमा अवलम्बन गर्नेछ ।

(२) बजेट तथा कार्यक्रम तर्जुमा समितिले गर्ने बजेट तथा कार्यक्रमको प्राथमिकिकरण प्रमाणमा आधारित हुनेछ।

(३) बजेट तथा कार्यक्रम तर्जुमा समितिले वडा समितिबाट पेश भएको बजेटको सिमाभन्दा बाहिरका योजनालाई गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्दा प्रमाणमा आधारित र औचित्यपूर्ण हुनु पर्नेछ ।

(४) बजेट तथा कार्यक्रम तर्जुमा समितिले तथ्य, तथ्यांक, अध्ययन प्रतिवेदन आदिका आधारमा योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने तथा योजना कार्यक्रमबिच आपसी तादाम्यता तथा परिपूरकता कायम गर्ने व्यवस्था मिलाउनेछ ।

**१४. <u>योजना तथा बजेट तर्जुमामा विषयगत समितिको भुमिकाः</u>** (१) योजना तथा बजेट तर्जुमा प्रक्रियामा गाउँपालिकामा रहेका विभिन्न बिषयगत समितिले विषयगत रूपमा सूचना तथा तथ्यांक उपलब्ध गराइ सहयोग गर्नेछन् ।

(२) योजना तथा बजेट तर्जुमाका क्रममा गाउँपालिकाको आर्थिक विकास समितीले कृषि, उद्योग तथा बाणिज्य, पर्यटन, सहकारी, वित्तिय क्षेत्रसम्बन्धी तथ्य, तथ्यांक, जानकारी, सूचना, विवरण, विश्लेषण आदी संकलन, प्रशोधन गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई उपलब्ध गराउनेछ ।

(३) योजना तथा बजेट तर्जुमाका क्रममा गाउँपालिकाको सामाजिक विकास समितीले शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति, लैंगिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी तथ्य, तथ्यांक, जानकारी, सूचना, विवरण, विश्लेषण आदी संकलन, प्रशोधन गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई उपलब्ध गराउनेछ ।

(४) योजना तथा बजेट तर्जुमाका क्रममा समितीले पुर्वाधार विकास समितिले गाउँपालिकाको सडक तथा पुल, झोलुँगे पुल, सिँचाई, भवन तथा सहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक उर्जा, संचारसम्बन्धी तथ्य, तथ्यांक, जानकारी, सूचना, विवरण, विश्लेषण आदी संकलन, प्रशोधन गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई उपलब्ध गराउनेछ ।

(५) योजना तथा बजेट तर्जुमाका क्रममा गाउँपालिकाको वातावरण तथा विकास समितिले वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायू परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापनसम्बन्धी तथ्य, तथ्यांक, जानकारी, सूचना, विवरण, विश्लेषण आदी संकलन, प्रशोधन गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई उपलब्ध गराउनेछ ।

(६) योजना तथा बजेट तर्जुमाका क्रममा गाउँपालिकाको संस्थागत विकास सेवा प्रवाह तथा सुशासन समितिले मानव संशाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतिय सूचनाको प्रयोग, लेखांकन, राजश्य परिचालन, वित्तिय अनुशासन, आन्तरिक लेखा परिक्षण, वित्तिय अनुशासन, आन्तरिक लेखापरिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखा परिक्षण तथा वेरुजु फर्छ्यौटसम्बन्धी तथ्य, तथ्यांक, जानकारी, सूचना, विवरण, विश्लेषण आदी संकलन, प्रशोधन गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई उपलब्ध गराउनेछ ।

## परिच्छेद - ५

## प्रमाणमा आधारित सेवा प्रवाह तथा मानविय कार्यसम्बन्धी व्यवस्था

**१५. <u>सेवा प्रवाहमा प्रमाणको प्रयोगः</u>** (१) गाउँपालिकाले सार्वजनीक सेवा प्रवाह प्रकृयालाई तथ्य, तथ्यांक र प्रमाणको प्रयोग गरी थप प्रभावकारी बनाउने छ ।

(२) गाउँपालिकाले समतामुलक ढँगबाट सार्वजनीक सेवा प्रवाह गरिने सुनिश्चित गर्नका लागि आवधिक सर्वेक्षण, गाउँपालिकाले पाश्र्वचित्रको प्रयोग, अन्तरक्रिया तथा छलफल लगायतका कार्य मार्फत जोखिममा रहेका समुह, समुदाय, भौगोलिक क्षेत्रको पहिचान गर्नेछ ।

(३) गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहको गुणस्तर मुल्यांकनका लागि सेवाग्राहिको प्रतिकृया, गुनासो, सुझाव, सल्लाह आदि संकलनका लागि गुनासो बाकस राख्ने, पालिकाको वेवसाइटमा सुझाव तथा गुनासो पेजको व्यवस्था गर्ने, प्राप्त भएका गुनासो तथा सुझावहरु आवधिक रुपमा प्रकाशन गर्ने, त्यसका सम्बन्धमा के कदम चालियो भन्ने बारेमा सूचना प्रवाह गर्ने व्यवस्था मिलाउने छ ।

**१६. <u>विपद व्यवस्थापन तथा मानविय कार्यमा प्रमाणको प्रयोगः</u>** (१) विपद् व्यवस्थापन तथा राहत वितरण जस्ता मानवीय कार्यलाई व्यवस्थित तथा प्रभावकारी रुपमा संचालन गर्न गाउँपालिकाले प्रमाणमा आधारित प्रणाली विकास गरि कार्यान्वयनमा ल्याउनेछ ।

(२) गाउँपालिकाले संघिय व्यवस्था अन्तरगतका विपद सुचना व्यवस्थापन प्रणाली (विपद पोर्टल) मा विपद सम्बन्धी जानकारी अद्यावधिक रुपमा राख्ने व्यवस्था मिलाउने र विपद पोर्टल तथा अन्य तथ्य, तथ्यांक आदिको विश्लेषणका आधारमा विपद व्यवस्थापन तथा प्रतिकार्य योजना निर्माण गर्नेछ ।

(३) गाउँपालिकाले विपद् व्यवस्थापन तथा राहत वितरण कार्यसँग सम्बन्धित तथ्य तथ्यांक गाउँपालिकाको एकिकृत डाटावेसअन्तर्गत वा छुट्टै विशिष्टिकृत डाटावेस तयार गरी व्यवस्थित र नियमित रुपमा अद्यावधिक गरी राख्नु पर्ने छ ।

(४) उपदफा ३ अनुसारको कार्यमा गाउँपालिकाको विपद् व्यवस्थापन शाखाले मुख्य भुमिका निर्वाह गर्ने छ ।

(५) गाउँपालिकाले उपदफा ३ अनुसार उपलब्ध तथ्य तथ्यांक र प्रमाणको आधारमा विपद् जोखिम न्युनीकरणका लागि तयारी तथा पूर्व सूचना प्रवाहमा प्रयोग गर्ने छ ।

## परिच्छेद - ६

## सहकार्य र समन्वयसम्वन्धी व्यवस्था

**१७. सहकार्य र समन्वयः** (१) प्रमाणमा आधारित कार्यप्रणालीलाई व्यवस्थित तथा प्रभावकारी रुपमा सञ्चालनको लागि गाउँपालिकाले संघ, प्रदेश सरकार, जिल्ला समन्वय समिति, जिल्ला स्थित अन्य सरकारी कार्यालय, विभिन्न सङ्घ सङ्गठन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, सहकारी, निजी क्षेत्र र विकास साझेदार लगायतका सबै सरोकारवालाहरूसँग आवश्यक सहकार्य र समन्वय गर्नेछ ।

(२) गाउँपालिकाले सरोकारवालाहरूसँग त्रैमासिक रूपमा छलफल गर्ने तथा आवश्यकताअनुसार सूचना, जानकारी, तथ्य तथ्यांक आदान प्रदान गर्ने तथा सूचना तथा तथ्य तथ्यांक सेयरीङमा एक अर्को निकायको विचमा विश्वासको बातावरण निर्माण गर्नका लागि आवश्यक कार्य गर्ने छ ।

(३) उपदफा १ र २ बमोजिमको सहकार्य र समन्वयको लागि सूचना अधिकारीले संयोजकको भुमिका निर्वाह गर्नेछ।

(४) गाउँपालिकाले कानून निर्माण, वार्षिक बजेट तथा योजना तर्जुमा,सार्वजनिक सेवा प्रवाह,विपद् व्यवस्थापन तथा मानविय कार्यलाई प्रभावकारी बनाउन, आाम नागरिक तथा नीजी क्षेत्रको पृष्ठपोषण प्राप्त गर्न नागरिक समाज, गैरसरकारी संस्थाहरु, निजी क्षेत्रसँग आवश्यक छलफल, अन्तरकृया आयोजना गर्नेछ ।

**१८. <u>सञ्चार क्षेत्रसँगको सहकार्य तथा समन्वयः</u>** (१) गाउँपालिकाले प्रमाणमा आधारित नीति तथा कानून तर्जुमा, योजना तथा बजेट तर्जुमा एवम् सार्वजनिक सेवा प्रवाह सुनीश्चित गर्नका लागि सञ्चार क्षेत्रसँग आवश्यक सहकार्य र समन्वय गर्नेछ ।

(२) सञ्चार क्षेत्रसँगको सहकार्य र समन्वय सुनिश्चित गर्न सूचनाको हक कानूनअन्तर्गत स्वतस्फुर्त रुपमा सूचना प्रवाह गरिने, आवधिक रुपमा सूचना प्रवाह गरिने र आमसञ्चार माध्यमबाट माग भइ आएका सूचनाहरु तत्कालै प्रवाह गरिने व्यवस्था मिलाइने छ ।

(३) आमसञ्चारलाई प्रमाणमा आधारित कार्यप्रणालीको एक महत्वपूर्ण पक्षका रुपमा पहिचान गर्दै आमसञ्चार माध्यमले उठाएका नीतिगत, कानूनी तथा सेवा प्रवाहसम्बन्धी समाचार, विश्लेषण, गुनासो आदिलाई विश्लेषण गर्दै नीति तथा कानून तर्जुमा, योजना तथा बजेट तर्जुमा एवम् सार्वजनिक सेवा प्रवाहलाई चुस्त बनाइने छ ।

(४) सञ्चार क्षेत्रबाट आवश्यक पृष्ठपोषण प्राप्त गर्न आवश्यकताअनुसार छलफल र अन्तरकृया आयोजना गरिने छ ।

## परिच्छेद - ७

## अनुगमन, मुल्यांकन तथा पृष्ठपोषण सम्बन्धी व्यवस्था

**१९. <u>अनुगमन, मुल्यांकन तथा पृष्ठपोषण समितिः</u>** गाउँपालिकाले प्रमाणमा आधारित कानून निमार्ण र योजना तथा बजेट तर्जुमा सम्बन्धी कार्यविधिको प्रभावकारिताका विविध पक्षहरुको आवधिक अनुगमन तथा मूल्यांकन गरी पृष्ठपोषण दिन देहाय बमोजिम एक समिति गठन गर्नेछ ।

(क) गाउँपालिकाको उपाध्यक्ष – संयोजक

(ख) योजना शाखा प्रमुख – सदस्य सचिव

(ग) प्रमुख प्रशासकीय अधिकृत– सदस्य

(घ) उपाध्यक्षले तोकेको वडा अध्यक्ष एक – सदस्य

(ङ) गाउँपालिकाले नियुक्त गरेको एक जना बिज्ञ– सदस्य

(छ) गाउँपालिकामा कार्यरत पत्रकार एक जना– सदस्य

(ज) नागरिक समाजका प्रतिनिधी मध्ये गाउँपालिकाले नियुक्त गरेका दुई जना– सदस्य

२०. **<u>अनुगमन, मुल्यांकन तथा पृष्ठपोषण समितिका काम कर्तव्य र अधिकारः</u>** यस कार्यविधिको दफा (१९) बमोजिम गठित समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) समितिले प्रमाणमा आधारित कानून निमार्ण र योजना तथा बजेट तर्जुमा सम्बन्धी कार्यविधि कार्यान्वयन भए पश्चात नीति कानून तथा योजनाको प्रभावकारिताका विविध पक्षहरु बारे आवधिक रुपमा नियमित अनुगमन तथा मुल्यांकन गर्नेछ ।

(ख) समितिले कानून र योजनाको प्रभावकारिताका विविध पक्षहरुबारे आवधिक अनुगमन तथा मुल्यांकन गर्दा सरोकारवाला, हितग्राही तथा सम्बन्धित पक्षको सहभागिता तथा पृष्ठपोषण संकलनलाई सुनिश्चित गर्नेछ ।

(ग) समितिले कानून र योजनाको कार्यान्वयनको सिलसिलामा प्राप्त पृष्ठपोषण र गर्नुपर्ने सुधारबारे तथ्याङ्कमा आधारित विश्लेषण गर्दा आवश्यकता अनुसार थप विज्ञहरुलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(घ) समितिले कानून र योजनाको कार्यान्वयनको सिलसिलामा प्राप्त पृष्ठपोषणका आधारमा गर्नुपर्ने सुधारबारे तथ्याङ्कमा आधारित विश्लेषण मार्फत नीति र योजनामा गर्नुपर्ने सुधारका लागि गाउँपालिकाको कार्यपालिका समक्ष आवश्यक सुझाव पेश गर्नेछ ।

(ङ) संयोजकको निर्देशन अनुसार सदस्य सचिवले बैठक बस्ने मिति, समय, स्थान र छलफलको विषयसूची सहितको सूचना बैठक बस्नु भन्दा कम्तीमा ३ दिन अगावै सदस्यहरुलाई पठाउनु पर्नेछ ।

(च) समितिका कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्य उपिस्थत भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(छ) समितिको बैठकको अध्यक्षता समितिका संयोजकले गर्नेछ र निजको अनुपस्थितमा उपस्थित सदस्यहरु मध्ये जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(ज) समितिको बैठकको निणर्य बहुमतका आधारमा हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निणार्यक मत दिनेछ ।

(झ) समितिको बैठकको निणर्य सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

(ञ) समितिको बैठक सम्बिन्ध अन्य कार्यविधि समिति आफैले निधार्रण गर्न सक्नेछ ।

## परिच्छेद - ८

## विविध

**२१. <u>सहयोग गर्नुपर्ने</u>:** यस कार्यविधि बमोजिम प्रमाणमा आधारित कानून निमार्ण र योजना तथा बजेट तर्जुमा सम्बन्धी कार्यमा आवश्यक सहयोग गर्नु सम्बधित सबैको कर्तव्य हुनेछ ।

**२२. <u>व्याख्या गर्ने अधिकार</u>:** यस कार्यविधिमा भएका कुनै पनि व्यवस्था अस्पष्ट भएमा सोको अन्तिम व्याख्या कार्यपालिकाले गर्नेछ ।

**२३. <u>बाधा अड्काउ फुकाउन सक्ने</u>:** यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा गाउँपालिकाको कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

**२४. <u>संशोधन गर्न सक्ने</u>:** कार्यपालिकाले आवश्यकता अनुसार कार्यविधिमा संशोधन गर्न सक्नेछ ।

प्रमाणिकरण मितिः- २०७९/१०/२२

आज्ञाले

झविलाल भट्टराई

प्रमुख प्रशासकीय अधिकृत

शुद्धोधन गाउँपालिका कपिलवस्तु